बालबालिकाका लागि बाइबल

को प्रस्तुती

# यहोषूले जिम्मा लिएका



लेखनः Edward Hughes

चित्रः Janie Forest

संयोजनः Ruth Klassen

अनुवादः Mrs. Trifaina Subba

प्रकाशकः Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्रः यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।

मोषाको मृत्युपछि यहोषूलाई थाह थियो कि इस्राएललाई अगुवाइ गर्न उनलाई छानेको छ। सेनाहरूलाई तयार पार्नअघि यहोषूले आफैलाई तयार पारे। यदि मानिसहरूले परमेष्वरको आज्ञा मान्यो भने सफलता अनि उन्नती तिनीहरूकै हो भनी परमप्रभुले येहोषूलाई प्रतिज्ञा गर्नुभयो।



परमप्रभुको वचन अनि यहोषूलाई
पछ्याउनेछु भनी इस्राएलीहरूले



प्रतिज्ञा गरे।
यरीहो षहरको
निरक्षण गर्न
कनानबाट
नयाँ अगुवाले
जासूसहरूलाई
पठाए। इस्राएलको
पहिलो लड़ाई
त्यहाँ भयो।



केही व्यक्तिले यरीहोको राजा यहाँ जासूसहरू आएको छ भनी बताए। तिनीहरूलाई खोज्न सेनाहरू पठाए। तिनीहरू त्यहाँ छ भनेर राहाबको घरबाट तिनीहरूले खोज्न षुरू गरे। सेनाहरूले तिनको ढोका ढक्ढकाए अनि राहाबले ती मानिसहरूलाई चाँड़ो गरी लुकाए।

जब सेनाहरू गए तब राहाबले रातो रंगको डोरीले ती मानिसहरूलाई षहरबाट बाहिर निकाल्न सहायता गरिन्। किन तिनले जासूसहरूलाई सहायता गरिन्?



किनकि तिनलाई थाह
थिई कि परमप्रभु
तिनीहरूसंग
हुनुहुन्छ। तिनले
आफ्नो जीवन
परमप्रभुले बढ़ाएको
चाहन्थ्यो। तिनी
अनि तिनको
परिवारलाई बचाउने
ती जासूसहरूले
प्रतिज्ञा गरे।



यरीहोमा पुग्न अघि इस्राएलीहरूले यर्दन नदी पार गरेर प्रतिज्ञाको देष कनानमा गए। तर त्यहाँ कुनै पुल थिएन्। कसरी तिनीहरूले पार गरे?



परमेष्वरले यहोषूलाई भन्नुभयो कि सेनाहरू अनि मानिसहरूलाई अगुवाई गर अनि दष आज्ञाको सन्दूक पनि लैजाऊ। जब पूजाहारीहरूले नदीको किनारमा पाइला टेके तब परमप्रभुले आष्चर्यकाम गर्नुभयो। परमप्रभुले नदीको बीचबाट बाटो



जब तिनीहरू सबैले सुरक्षित पार गरिसके पछि तिनीहरूले बाह्रवटा ढुंगाहरू कनानको नदीको किनारमा अनि अरू बाह्रवटा चाहिँ अर्को किनारमा राखे। यसले तिनीहरूको नानीहरूलाई परमेष्वरको महान् षक्ति अनि प्रेमको विशयमा सिकाउन सहायता गर्छ।





यरीहोको पर्खाल बलियो अनि मोटो थियो। परमप्रभुले आफ्ना प्रजाहरूको लागि लड़ाई जित्नेछ भनी परमप्रभुले स्वर्गबाट आफ्ना सेनाहरूका कप्तान इस्राएलका नयाँ अगुवालाई सम्झना गराउन पठाउनु भयो जब यहोषूले आक्रमण गर्न योजना बनाइरहेका थिए।



कसरी यरीहोमा आक्रमण गर्नु भनेर परमप्रभुले यहोषूलाई भने। यो एउटा अद्भूत योजना थियो। छ दिनमा एकपल्ट अनि सात दिनमा सात पल्ट परमप्रभुको मानिसहरू षहरको वरिपरि घुमिरहे। तिनीहरूले तुरही अनि चर्को सोरले कराए रत्यो पर्खाल त्यही झरे।

परमप्रभुले भनेको आज्ञानुसार यहोषू अनि सेनाहरूले गरे। यरीहोको मानिसहरू तिनीहरूमाथि हाँसे। तर जब तिनीहरूले सातौं यात्रा सातौ दिनमा तुरही फुके। अनि परमप्रभुले प्रतिज्ञा गर्नुभयो... यरीहोको महान् पर्खाल झरे।

7







तर खाली राहाबको घरको पर्खाल मात्र सुरक्षित भए। तिनले त्यो रातो रंगको डोरी निकाले।



चाँड़ोगरी यहोषूका मानिसहरूले
राहाब अनि तिनको परिवारलाई
बचाए। त्यसपछि परमप्रभुले
हुकूम गरेबमोजिम यरीहो
षहर नश्ट भए।



यरीहोको सुन, चाँदी
अनि धनले परमेष्वरको
सेवालाई समर्पण गरे। अनि
जसले यी पर्खाल बनाउँछ
त्यसमा श्राप आउनेछ भनी भने।


कनानका सबैजनाले
यहोषूले कसरी यरीहोलाई
हराए सो तिनीहरूले सुने अनि
तिनीहरूले थाह पाए कि परमप्रभु
आफ्ना मानिसहरूसंग हुनुहुन्थ्यो।

# यहोषूले जिम्मा लिएका

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

## यहोषू 1-6

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"

भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौं भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर।

यूहन्ना ३:१६